# नेशनल हाइड्रो पावर कम्पनी लि.

## काठमाडौं-१०, बिनायक नगर, बानेश्वर

## २६औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/१२/०६

यस नेशनल हाइड्रो पावर कम्पनी लिमिटेडको मिति २०७९/११/१० मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार, यस कम्पनीको २६औं वार्षिक साधारणसभा मिति २०७९/१२/०३ गते बिहान ११:०० बजे डेलिश ओपेरा रेष्टो एण्ड बैंक्वेट (Delish Opera Restro & Banquet) बालुवाटार, काठमाडौंमा गर्ने भनि दुई पटक राष्ट्रिय दैनिक पत्रिकाम सार्वजनिक सूचना प्रकाशित गरी उक्त दिन साधारणसभा गर्नको लागि उपस्थित भएकोमा उक्त सभा सञ्चालन गर्नको लागि गणपुरक संख्या कम्पनीको नियमावलीको नियम १६(ख) र कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिम उपस्थित शेयरधनीहरूको गुणपुरक संख्या नपुगी स्थगित भएको यस कम्पनीको २६औं वार्षिक साधारणसभा, सञ्चालक समितिको मिति २०७९/१२/०३ गतेको निर्णय अनुसार निम्न बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७९ साल चैत्र १६ गते, (मार्च ३०, २०२३)

समय : बिहान ११:०० बजे ।

स्थान : डेलिश ओपेरा रेष्टो एण्ड बैंक्वेट (Delish Opera Restro & Banquet) बालुवाटार, काठमाडौं

**छलफलका विषयहरू**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाब र सोही अबधिको नगद प्रवाह विवरणसँग सम्बन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. आ.व. २०७९/०८० को लागि लेखापरिक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. विविध ।

**वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरू**

१. २६औं वार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०७९/११/१९ गते (एक दिन) शेयर कारोबार बन्द रहने छ ।

२. २६औं वार्षिक साधारणसभा तथा बोनस शेयर प्रयोजनको लागि २०७९/११/१८ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई ३ कार्य दिन भित्र दाखिल खारेज तथा नामसारीका लागि प्राप्त शेयरहरूबाट कायम रहेका शेयरधनीहरू वार्षिक सभामा भाग लिनका लागि योग्य हुनेछन् ।

३. लेखापरिक्षकको प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनीको ऐन २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरू निरिक्षण गर्न तथा प्रतिलिपी आवश्यक भएमा कार्यालय समय भित्र कम्पनीको कार्यालय विनायकनगर, नयाँबानेश्वर, काठमाडौंमा सम्पर्क राख्न सकिने ब्यहोरा अनुरोध छ ।

४. सभामा आफैं उपस्थित हुन नसक्ने शेयरधनीले सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सो सम्बन्धी निवेदन सभा शुरु हुनु भन्दा ४८ घण्टा अगाबै प्रतिनिधि पत्र तोकेको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधि पत्र (प्रोक्सी) प्रचलित कम्पनी कानून बमोजिम यस कम्पनीले तोकेको ढाँचामा हुनु पर्नेछ । प्रतिनिधि पत्रको ढाँचा यस कम्पनीको सूचनापाटी तथा कम्पनीको वेबसाइटमा (www.nhpcl.com) मा राखिएको छ । कम्पनीको शेयरधनी बाहेक अन्यलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाइने छैन ।

५. साधारणसभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा कुल बिक्री भएको शेयरको १५ प्रतिशत भन्दा बढि प्रोक्सी दर्ता गरेको भएमा पनि १५ प्रतिशत भन्दा बढि मतको गन्ती गरिने छैन ।

६. एक जना शेयरधनीले एक भन्दा बढि व्यक्ति (शेयरधनी) लाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा सबै प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

७. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा केही शेयर आफैंसँग बाँकी राखि आफू समेत साधारणसभामा उपस्थित हुन पाउने उद्देश्यले आंशिक शेयरको प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाउने छैन । अर्थात, सम्पूर्ण शेयरको लागि एकै ब्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु पर्दछ ।

८. सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा उपस्थित भई त्यँहा राखिने हाजिरी पुस्तिका बिहान १०:०० बजेबाट खुल्ला गरिनेछ ।

९. साधारणसभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको कार्यालय का.जि.का.म.न.पा. वडा नं. १०, विनायकनगर, बानेश्वरमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

CamScanner